# २०८० माघ ३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | विषय |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | नागरिक लगानी कोषको रिक्त कार्यकारी निर्देशक पदमा उदयपुर[illegible] निवासी श्री पर्वतकुमार कार्कीलाई नियुक्त गर्ने। |
| २ | अर्थ मन्त्रालय | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८० जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सुर्खेत जिल्ला, विरेन्द्रनगर नगरपालिका, वडा नं १३ स्थित करेखोलामा चार किल्ला तोकी पशु बधशाला स्थापना गर्न इजाजत दिने। |
| ४ | गृह मन्त्रालय | राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिने। |
| ५ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | मालपोत नियमावली, २०३६ को नियम ४क. को उपनियम (१) बमोजिम देहायको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति दिनेः<br>नेपाल सरकारले मालपोत नियमावली, २०३६ को नियम ४क. को उपनियम (१) को प्रयोजनको लागि जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको जग्गा दर्ता गर्नसम्म छुट भएमा त्यस्तो जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिने म्याद यो सूचना प्रकाशन भएको मितिले २ वर्ष र कार्यालयमा यसअघि नै निवेदन परी फर्छ्यौंट हुन बाँकी रहेका पुराना निवेदनहरू फर्छ्यौंट गर्ने म्याद यो सूचना प्रकाशन भएको मितिले २ वर्ष तोकेको छ। |
| ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारका नाममा रहेको विराटनगर महानगरपालिका वडा नं. ५ स्थित ०-१३-२-१ बिघा जग्गा नेपाल खानेपानी संस्थान विराटनगर शाखालाई खानेपानी संरचना निर्माण गर्न लिजमा उपलब्ध गराउन स्वीकृति दिने । |
| ७ | वन तथा वातावरण मन्त्रालय | मिति २०८०।११।१४ देखि ऐ १८ सम्म Nairobi, Kenya मा आयोजना हुने United Nations Environment Assembly (UNEA-६) कार्यक्रममा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी माननीय वन तथा वातावरण मन्त्री डा.विरेन्द्र प्रसाद महतोलाई सहभागी हुन स्वीकृति दिने। |
| ८ | वन तथा वातावरण मन्त्रालय | बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनालाई सर्तहरू पालना गर्नेगरी महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं ४ मा पर्ने माईस्थान सामुदायिक वन क्षेत्रको ५४.५८४ हेक्टर जग्गा प्रयोग गर्न दिन र सो जग्गामा रहेका विभिन्न प्रजातीका १९६७ गोटा रूख/पोल हटाउन स्वीकृति दिने। |

| | | |
|---|---|---|
| ९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सांस्कृतिक संस्थानको रिक्त महाप्रबन्धक पदमा सानीभेरी गाउँपालिका वडा नं.-६, रूकुमका किरणवाबु पुनलाई नियुक्त गर्ने। |
| १० | सहरी विकास मन्त्रालय | खुर्कोट जग्गा एकीकरण आयोजनाको लागि करिब ६७७ रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिने। |
| ११ | सहरी विकास मन्त्रालय | घारीगाउँ (चौरजहारी नयाँ शहर) जग्गा एकीकरण आयोजनाको लागि करिब ५८५ रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिने। |
| १२ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नरदेवी आयुर्वेद चिकित्सालय विकास समितिको अध्यक्ष पदमा काठमाण्डौ निवासी श्री रमेश चन्द्र न्यौपानेलाई मनोनयन गर्ने। |
| १३ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको कार्यकारी निर्देशक पदमा म्याग्दी निवासी डा. रवि मल्ललाई मनोनयन गर्ने। |
| १४ | रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८० स्वीकृत गर्ने। | |
| १५ | ग्रीन हाइड्रोजन नीति, २०८० स्वीकृत गर्ने। | |
| १६ | बढुवा समितिको सिफारिसबमोजिम विभिन्न सेवा, समूह र उपसमूहका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूलाई सम्बन्धित सेवा, समूह र उपसमूहका पदमा बढुवा नियुक्त गर्ने। | |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं